# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

(छाप: नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली जाजरकोट कर्णाली प्रदेश नेपाल २०७३)

पत्र संख्या: २०८१/०८२
च नं: २२१

मिति: २०८१/०५/११

---

**व्यवसायिक इन्टरलक ईंटा उद्यम ढुंगा काट्ने (स्टोन कटिङ) उद्यम सञ्चालन गर्नका लागि इच्छापत्र पेश गर्ने सम्बन्धि सूचना**

सूचना नम्बर - ००१

सूचना प्रकाशित मिति – २०८१/०५/११

नेपाल सरकारको अनुरोध, बेलायत सरकार (FCDO)को आर्थिक सहायता तथा अन्तराष्ट्रिय आप्रवासन संगठन आइओएम(UN- Migration) द्वारा अन्य राष्ट्रसंघिय निकायहरु (WPF,UNICEF,UNFPA) सहितको संयुक्त पुर्नलाभ परियोजना (JRAP) अन्तर्गत भूकम्प पछिको पूर्ननिर्माण परियोजना सञ्चालन गरेको छ। जाजरकोटका ७ स्थानीय तह र रुकुम पश्चिमका ६ स्थानीय तहमा सञ्चालन गरिएको यस परियोजनाले सुरक्षित आवास निर्माण, उद्यमशीलता विकास र हरित निर्माण प्रवर्द्धन जस्ता क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराइन्छ। उक्त परियोजनाको लाभग्राही यस नलगाड नगरपालिका पनि रहने छ। परियोजनाले भूकम्प प्रभावित क्षेत्रमा सुरक्षित आवास तथा सामुदायिक संरचना निर्माण गर्दा ढुंगा माटो साथै इन्टरलक ईंटा (CSEB) प्रयोग गर्ने हुंदा यी सामाग्रीको स्थानिय उत्पादन जरुरी देखिएकाले इन्टरलक ईंटा (CSEB) बनाउने मेशिन साथै ढुंगा काट्ने मेशिन (Stone Cutter) परियोजनाले अनुदानमा उपलब्ध गराउने छ। यसरी अनुदानमा उपकरण पाएका उद्यमीबाट उत्पादित स्रोत साधनलाई पुर्ननिर्माणका लागि प्रयोग गरिने हुंदा उद्यम सुरुवात गर्न इच्छुक स्थानीयलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पालिकाको उद्यमविकास शाखामा इच्छापत्र पेश गर्नका लागि यसै सूचना मार्फत् आव्हान गरिन्छ। साथै म्याद नाघिआएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारबाही अगाडि नबढाईने व्यहोरा अनुरोध गरिन्छ।

**उद्यमीबन्न इच्छुक व्यक्ति/समुहले तल उल्लेखित कागजातहरु मध्ये आफुसँग भएका जे जति कागजातहरु छन लिएर आवेदन फम भर्न सकिने छ। सो आवेदन फर्म निःशुल्क हुने छ।**

- नागरिकताको प्रतिलिपि (१ थान)
- वडा कार्यालयको सिफारिस (१ थान)
- जग्गा बहालमा भए सम्झौता पत्र/जग्गा प्रमाणपत्रको प्रतिलिपि
- स्वास्थ्य र सुरक्षा सम्बन्धी नियम, उत्पादन गुणस्तर, रोजगारी कानुन र समान अधिकारसँग सम्बन्धित नियमपालन सम्बन्धि प्रतिवद्धता सहितको निवेदन

थप जानकारीको लागि संम्पर्क कार्यालय आठबिसकोट नगरपालिका वडा नम्बर ९ राडीज्यूला, मोबाइल नं ९८६१९७००२२ मा सर्म्पक राखी जानकारी लिनुहुन सुचित गरिन्छ।

**Email:** sushmita.chitrakar00@gmail.com

माथि उल्लिखित **Email** मा पनि सो निवेदन पठाउन सकिनेछ।

**नोट : आवेदनदिन इच्छुक सबैलाई यस पालिकामा सुचना प्रकाशित भएको पाँचौं दिनमा अभिमुखिकरणका लागि यस नलगाड नगरपालिकाको उद्यमविकास शाखामा उपस्थित हुन अनुरोध गरिन्छ।**

.......................

ठकेन्द्र बहादुर गिरी
नि. प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

CS Scanned with CamScanner